# धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय

## प्रदेश-१ धरान, सुनसरी

## छत्तिसौ नगर कार्यपालिका वैठक

आज मिति २०७६ असार ३० गते साँझ ५:०० बजे धरान उपमहानगरपालिकाको ३६ औं नगर कार्यपालिकाको वैठक कार्यवहाक नगर प्रमुख श्री मञ्जु भण्डारी सुवेदीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थिती:

| क.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री मञ्जु भण्डारी सुवेदी | का. वा. नगर प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री रोशन अधिकारी | वडा अध्यक्ष | धरान-१ | |
| ३. | श्री माधव गोविन्द श्रेष्ठ | का वडा अध्यक्ष | धरान-२ | |
| ४. | श्री आशा कुमार श्रेष्ठ | वडा अध्यक्ष | धरान-३ | |
| ५. | श्री मान बहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ६. | श्री सन्तोष लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ७. | श्री भुवनसिं वस्नेत | वडा अध्यक्ष | धरान-६ | |
| ८. | श्री जिवनराज सुवेदी | का. वा. वडा अध्यक्ष | धरान-७ | |
| ९. | श्री रुद्रबहादुर लिम्बु | वडा अध्यक्ष | धरान-८ | |
| १०. | श्री रत्न बहादुर कटुवाल | वडा अध्यक्ष | धरान-९ | |
| ११. | श्री श्रीप्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-१० | |
| १२. | श्री बावुलाल लामा | वडा अध्यक्ष | धरान-११ | |
| १३. | श्री टंक बहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १४. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १५. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १६. | श्री नरेश कुमार इवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १७. | श्री दिपक आचार्य | का. वा. वडा अध्यक्ष | धरान-१६ | |
| १८. | श्री सूर्य बहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| १९. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २०. | श्री पुर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २१. | श्री मणिराम राई | वडा अध्यक्ष | धरान-२० | |
| २२. | श्री सुवास राई | नगर कार्यपालिका सदस्य | धरान-१७ | |
| २३. | श्री कैलाश अग्रवाल | नगर कार्यपालिका सदस्य | धरान-२ | |
| २४. | श्री किशोर परियार | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २५. | श्री गिता पाखिन | नगर कार्यपालिका सदस्य | धरान-७ | |
| २६. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २७. | श्री कल्पना थापा | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २८. | श्री लिलामाया गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| २९. | श्री हिरादेवी राई | नगर कार्यपालिका सदस्य | धरान-१६ | |

| क.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| ३०. | श्री विनोद कुमार पोखरेल | नि. प्रमुख प्रशासकीय अधिकृत | |
| ३१. | श्री गणेश प्रसाद खतिवडा | वरिष्ठ प्रशासकीय अधिकृत | |

बैठकमा छलफल र निर्णय भएका विषयहरु:

(१) नगरप्रमुख स्व. तारा सुब्बाको स्मृति दिवस मनाउने सम्बन्धमा :

→ धरान उप-महानगरपालिकाका नगर प्रमुख तारा सुब्बाको मिति २०६५।४।१ गते असामहिक निधन भएको एक वर्ष पुगेकाले हुदा उक्त १ वर्षको पुन्य तीथीमा २०६६।४।१ गते विहान ८.३० बजे कार्यालय परिसरमा मैलाभई स्व. नगरप्रमुखको तस्वीरमा माल्या र्पणगरी शोक व्यक्त गर्ने साथै सो पश्चात उपयुक्त समयमा स्वर्गीय नगरप्रमुख ज्यू को जीवनी समेटेर तयारहुदै गरेको स्मृती ग्रन्थ लोकार्पण लगायतका कार्यक्रमहरु आयोजना गर्ने निर्णय गरियो ।

(२) रकमान्तर सम्बन्धमा :

→ आ.व. २०६५।०६६ का विभिन्न कार्यक्रमहरुमा वडागत सिफारि सको आधारमा तथा कार्यवहाक नगरप्रमुखको निर्णय वाट केहि कार्यक्रमगत शीर्षकमा भएको रकमान्तरलाई अनुमोद गर्ने निर्णय गरियो ।

(३) वालमैत्री वडा घोषणा स्वीकृति दिएकोलाई अनुमोदन गर्ने र अब घोषणाका लागि स्वीकृती प्रदान गर्ने सम्बन्धमा :

→ धरान उप-महानगरपालिकाका सम्पुर्ण वडाहरुलाई वालमैत्री वडा वनाउने अभियान स्वरुप वालमैत्री स्थानीय शासनका सम्पूर्ण सूचकहरु र तहगत खुड्किलाहरु पुरागरी स्वीकृतिका लागि पेश भएका र कार्यपालिकावाट अनुमोदन हुनेगरी तपशिलका वडाहरुलाई स्वीकृती प्रदान गरिएकोलाई अनुमोदन गर्ने र स्वीकृति माग गरेका तपशिलका वडालाई स्वीकृती प्रदान गर्ने निर्णय गरियो -

(क) पहिले घोषणा भएका वडाहरु -
(i) मिति २०६६।३।२२ मा वडा नं. -१८
(ii) मिति २०६६।३।२३ गते वडा नं. - ५
(iii) मिति २०६६।३।३० गते वडा नं. - 6 (विहान)
(iv) मिति २०६६।३।३० गते वडा नं. - ११ (दिउसो)

(ख) अब घोषणा हुने वडाहरु :
(i) २०६६।३।३१ गते वडा नं. ४
(ii) २०६६।३।३१ गते वडा नं. १५
(iii) २०६६।३।३१ गते वडा नं. १6

(४) पूर्वाधार (सडक) उपयोग सेवा शुल्क संकलन सम्बन्धमा :

→ यस कार्यालयवाट आ.व. २०६६।066 का लागि नगर क्षेत्रम

सामान ढुवानी गर्ने सवारी साधनवाट पूर्वाधार (सडक) उपयोग सेवा शुल्क संकलन गर्न नीजि क्षेत्र मार्फत संकलनगरी न्यूनतम अंक रु ४५०००००।- (पच्चिस लाख) कायम गरी बोलपत्र आह्वान गर्ने निर्णय गरियो।

(५) सेवा अवरुद्ध हुने सम्बन्धमा :-

→ यस कार्यालयले आन्तरिक आय संकलनका लागि कम्प्युटर सफ्टवेयरको प्रयोगगरी अनलाइन सिस्टमवाट गरिरहेको हुँदा- आर्थिकवर्ष परिवर्तन सँगै दररेट र अभिलेखमा अद्यावधिकगर्न केहि समय लाग्ने भएकाले ७ दिन सम्म सेवा अवरुद्ध हुने भएकाले सो जानकारी सवै सेवाग्राहीहरुलाई गराउन साथै यथा सक्य चाँडो सेवा सुविधा प्रवाहको व्यवस्था मिलाउने निर्णय गरियो।

(६) मोटर साइकल मर्मत तथा सर्भिसिङ्गको खर्च सम्बन्धमा :-

→ मिति २०७८।३।३२ गतेको निर्णयवाट कर्मचारीको नीजि मोटर-साइकल मर्मत तथा सर्भिसिङ्गको खर्च उपलब्ध गराउने सम्बन्धी निर्णय प्रस्ट नभएकाले फिल्डमा खटिने यो-जना सँग सम्बन्धित कर्मचारी जसले नीजि मोटरसाइकल प्रयोग गर्नु भएको छ अथवा कार्यालयले मोटरसाइकल उप-लब्ध गराएको छैन त्यस्ता कर्मचारीहरुको मोटरसाइकल मर्मत तथा सर्भिसिङ्ग गर्नु परेमा साविककै कन्टेन्जेन्सीवाट उपलब्ध गराउने निर्णय गरियो।

आजको वैठक ७ वजे समाप्त भयो।